# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE
मिति: २०८०/०८/०९
Date:

पत्र संख्या:-
Ref. No.
चलानी नं:-

विषय : नतिजा प्रकाशित गरिएको बारे ।

त्रि.वि. कानून संकायद्वारा मिति २०८० साल असोज २० गते सञ्चालित बी.ए.एलएल.बी. प्रथम सिमेस्टरमा भर्नाका लागि प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको लिखित प्रवेश परीक्षाको नतिजाको आधारमा कोटा सहित त्रि.वि. को आंगिक क्याम्पसहरु, नेपाल ल क्याम्पस, काठमाडौंको लागि १०५, पृथ्वीनारायण क्याम्पस, पोखराको लागि ७० र त्रि.वि. को सम्बन्धन प्राप्त कलेज नेशनल ल कलेज, सानेपाको लागि १०५ गरी जम्मा २८० सिटका लागि मात्र योग्यताक्रम (Merit-List) मा रहेका निम्नानुसार परीक्षार्थीहरुको नतिजा प्रकाशित गरिएको छ ।

१. बी.ए.एलएल.बी.कार्यक्रममा **त्रि.वि.सिमेष्टर प्रणाली विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आंङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ बमोजिम** योग्यताक्रम (Merit-List) मा रहेका परीक्षार्थीहरुले सम्बन्धित क्याम्पसले भर्नाको लागि सूचना प्रकाशित गरी तोकेको मितिभित्र सम्पर्कमा आएका योग्यताक्रम (Merit-List) मा रहेका परीक्षार्थीहरु मध्येबाट आफूले भर्ना गर्न पाउने जम्मा सीट संख्या मध्ये १०५ सिट संख्याकालागि २१ र ७० सिट संख्याकालागि १४ सिट संख्या निम्नानुसार बिपन्न समुदायका लागि आरक्षण छुट्याईएको स्थानमा सम्बन्धित बर्गका बिचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रमानुसार भर्ना लिनु पर्नेछ ।

| क्र. सं | विपन्न समुदाय | आरक्षित कोटा | १०५ स्थानका लागि | ७० जना मध्ये |
|---|---|---|---|---|
| क) | महिला | २० | ४ जना | ३ जना |
| ख) | आदिवासी/जनजाति | १६ | ३ जना | २ जना |
| ग) | मधेशी | १४ | ३ जना | २ जना |
| घ) | दलित | ९ | २ जना | १ जना |
| ङ) | अपाङ्गता भएका व्यक्ति | ९ | २ जना | १ जना |
| च) | पिछडिएको दुर्गम क्षेत्र | ७ | १ जना | १ जना |
| छ) | मुश्लीम | ७ | १ जना | १ जना |
| ज) | थारु | १० | २ जना | १ जना |
| झ) | अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य) | ८ | २ जना | १ जना |
| ञ) | त्रि.वि.सेवामा कार्यरत स्थायी शिक्षक/ कर्मचारीका छोरा/ छोरी | | १ जना | १ जना |
| जम्मा | | | २१ (एक्काईस) | १४ (चौध) |

द्रष्टव्य:

- आदिवासी जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको बर्गीकरण अनुरुप टप टु बटमको आधारमा भर्ना लिनु पर्नेछ ।
- मधेशीको हकमा **पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि,** २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसीभन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थीमध्ये छनौट गर्नु पर्दा निलो, पहेंलो र सेतो परिचय-पत्र अनुसार प्राथमिकताका आधारमा ।
- "अन्य"को हकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिकरुपले विपन्न खस आर्यमध्ये उत्कृष्ट अङ्क ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।
- भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु तथा सिफारिस-पत्रहरु नक्कली भएको ठहरिएमा वा पेश गर्नुपर्ने प्रमाणपत्र पेश नभई भर्ना भएको पाईएमा त्यस्तो भर्ना स्वत: रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

२. विभिन्न बर्गका विद्यार्थीहरुको लागि छुट्ट्याईएको सीटमा प्रवेश परीक्षाको न्यूनतम् ४०% (चालिस प्रतिशत) अंक प्राप्त नगरेमा वा सो बर्गका विद्यार्थीहरु भर्ना नभई कुनै सिट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनु पर्नेछ ।

३. तोकिएको मिति भित्र कुनै विद्यार्थी भर्ना नभई सीट खाली हुन आएमा क्रमश : योग्यताक्रममा रहेका विद्यार्थीहरु मध्येबाट भर्ना लिनु पर्नेछ ।

४. भर्ना हुँदाका समयमा विद्यार्थीहरुले आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र र त्रि.वि. भन्दा बाहिरका शिक्षण संस्थाबाट आएका विद्यार्थीहरुले त्रि.वि.बाट मान्यता प्राप्त भएको समकक्षता (Equivalence) प्रमाणपत्र समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

५. भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु नक्कली भएको ठहरीएमा वा पेश गर्नुपर्ने प्रमाणपत्र पेश नभई भर्ना भएको पाइएमा त्यस्तो भर्ना स्वत : रद्द हुनेछ, यसरी खाली हुन आउने स्थानमा क्रमश : योग्यताक्रममा रहेको विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

६. सम्बन्धित क्याम्पसहरुले प्राप्त हुन आएका निवेदनहरुमध्येबाट भर्नाका लागि योग्यताक्रम (Merit List) प्रकाशित गर्दा सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडी नै तत्काल कानून संकाय, डीनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

७. सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण अन्तिम भर्ना गरेको मितिले १५ दिनभित्र डीनको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय
FACULTY OF LAW

८. कुनै क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबिन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ। छानबिनबाट नियम विपरित भर्ना भए/गरेको पुष्टि भएमा

त्यस्तो भर्ना स्वतः रद्द हुनेछ। यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाको लागि डीन कार्यालयले निर्देशन दिनेछ। भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क तुरुन्त सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ।

९. यो नतिजा नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा उपलब्ध गराइने छात्रवृत्तिको प्रयोजनका लागि समेत लागू हुनेछ।

१०. प्रकाशित नतिजामा कुनै गुनासो भएमा परीक्षार्थीहरुले नतिजा प्रकाशन पश्चात २०८०/०८/१२ गते मंगलबार कार्यालय समय भित्र कानून संकाय, डीनको कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नम्बर २१७००१००१९२४३४००००१ मा प्रति परीक्षार्थी रु.२००।- (दुई सय) मात्र जम्मा गरी सक्कल भौचर सहित निवेदन दिन सकिनेछ।

११. यस डीन कार्यालयको लिखित निर्देशन पश्चात मात्र योग्यताक्रमको सूचि अनुसार सम्बन्धित क्याम्पस,कलेजले भर्ना गर्नु पर्नेछ।

१२. यो सूचना www.fol.edu.np मा समेत हेर्न सकिनेछ।

**पूनश्च** : रोल नं १४२८ का परिक्षार्थीले परीक्षाको नियम बिपरीत कार्य गरेको हुँदा निजको परीक्षा रद्द गरीएको छ।

प्रवेश परीक्षाको नतिजा प्रकाशन गर्ने क्रममा बराबर अंङ्क ल्याउने परीक्षार्थीहरूको योग्यताक्रम निर्धारण गर्दा प्रवेश परीक्षा सम्बन्धी सूचनाको नियम २१ बमोजिम योग्यताक्रम निर्धारण गरिएको छ।

(डा.कृष्ण प्रसाद वस्याल)
डीन

मिति : २०८०/०८/०९

डीन
कानून संकाय

Phone No.: +977-4226586, 4230516, P.O. Box No.: 19445, Exhibition Road, Kathmandu, Nepal
E-mail: facultyoflaw1234@gmail.com, Webiste: www.fol.edu.np